घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको बैठकको
प्रस्ताव तथा निर्णयहरु
मिति २०७९ साल जेठ २३ गते सोमबार
बैठकका प्रस्तावहरु

१। अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२। मतदाताहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा।
३। विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा।
४। गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा।
५। आ.व. ०७९/०८० को बजेट, निति तथा कार्यक्रम सम्बन्धमा।
६। बजेट सिलिङ तोक्ने सम्बन्धमा।
७। विविध सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं. १ :

निर्णय नं. १ माथि छलफल गर्दा यस अघि गाँउपालिकाबाट भए गरेका निर्णयहरुको समिक्षा गरियो। चालु आव मा संचालन भएका योजना कार्यक्रमहरुलाई यथाशिघ्र सम्पादन गर्ने निर्णय गरियो।

निर्णय नं. २ :

निर्णय नं. २ माथि छलफल गर्दा २०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा सहभागि हुनु हुने सवै मतदाता, शुभेच्छुक तथा निर्वाचन कार्यक्रम सम्पन्न गराउन सहयोग पुऱ्याउनु हुने सबै सुरक्षा निकाय, कर्मचारी, पत्रकार लगायतका सबैमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ :

निर्णय नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सन्चालन ऐन, २०७४ तोकेको तथा विषयत समितिहरु तपसिल बमोजिम गठन गरियो :

राजश्व परामर्श समिति

१. शंकरमान घलान	उपाध्यक्ष
२. राजेन्द्र कार्की	प्रमुख प्रशासकीय अधिकृत
३. सोम बहादुर भोलन	सदस्य
४. रमा कुमारी ग्याङ्मि	सदस्य
५.	सदस्य
६.	सदस्य
७. सुरेश कुमार अधिकारी (लेखा अधिकृत)	सदस्य सचिव

स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

१. जगत बहादुर भोलन संयोजक
२. शंकरमान घलान सदस्य
३. निम बहादुर थामी सदस्य
४. सान्नानी नेपाली सदस्य
५. निश्चल सुनुवार सदस्य
६. गंगा माया कामी सदस्य
७. राजेन्द्र कार्की सदस्य सचिव

बजेट तथा कार्यक्रम तर्जुमा समिति

१. शंकरमान घलान संयोजक
२. रोशन कुमार भ्लोन सदस्य
३. सोम बहादुर भोलन सदस्य
४. निश्चल सुनुवार सदस्य
५. अमृत वाईवा सदस्य
६. ज्ञान बहादुर सिजाली मगर सदस्य
७. राजेन्द्र काकी सदस्य
८. अनिता गुरुङ (योजना शाखा प्रमुख) सदस्य सचिव

विषयगत समितिहरुः

सार्वजनिक सेवा तथा क्षमता विकास समिति

१. रोशन कुमार भ्लोन संयोजक
२. सोम बहादुर भोलन सदस्य
३. सान्नानी नेपाली सदस्य

आर्थिक विकास समिति

१. सोम बहादुर भोलन संयोजक
२. ज्ञान बहादुर सिजाली मगर सदस्य
३. साल माया लो सदस्य

वातावरण तथा विपद व्यवस्थापनसमिति

१. निश्चल सुनुवार संयोजक
२. अमृत वाईवा सदस्य
३. मिठु कुमारी विश्वकर्मा सदस्य

पूर्वाधार विकास समिति

१. अमृत वाईवा	संयोजक
२. सोम बहादुरा भोलन	सदस्य
३. निम बहादुर थामि	सदस्य

सामाजिक विकास समति

१. ज्ञान बहादुर सिजाली मगर	संयोजक
२. रोश कुमार भ्लोन	सदस्य
३. मिठु कुमारी विश्वकर्मा	सदस्य

विधेयक समिति

१. शंकरमान घलान	संयोजक
२. ज्ञान बहादुर सिजाली मगर	सदस्य
३. रोशन कुमार भ्लोन	सदस्य

न्यायीक समिति

१. शंकरमान घलान	संयोजक
२. सोम बहादुर भोलन	सदस्य
३. सान्नानी नेपाली	सदस्य

शिक्षा समिति

१. जगत बहादुर भोलन	अध्यक्ष
२. शंकरमान घलान	सदस्य
३. सोम बहादुर भोलन	सदस्य
४. ज्ञान बहादुर सिजाली मगर	सदस्य
५. रमा कुमारी त्याङ्मी	सदस्य
६. ध्रुर्व कुमार घलान	सदस्य
७. सुमित्रा थापा	सदस्य
८. अविनास वाइवा	सदस्य
९. मोतिलाल थिङ	सदस्य
१०. विर बहादुर थिङ	सदस्य
११. सुरेन्द्र स्याङतान (शिक्षा अधिकृत)	सदस्य सचिव

परिक्षा सञ्चालन तथा समन्वय समितिः

१. राजेन्द्र कार्की	अध्यक्ष
२. ज्ञान बहादुर सिजाली मगर	सदस्य
३.	सदस्य
४. नविनसरी राई	सदस्य
५. दिनेश चौलागाई	सदस्य
६. सुरेन्द्र स्याङतान (शिक्षा अधिकृत)	सदस्य सचिव

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४ :

निर्णय नं. ४ माथि छलफल गर्दा यस गाँउपालिकाको प्रवक्तामा वडा नं. २ का वडाअध्यक्ष श्री रोशन कुमार भ्लोनलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

निर्णय नं. ५ माथि छलफल गर्दा आ.व.०७९।०८० को निति तथा कार्यक्रम र बजेट पेश गर्नकोलागि मिति २०७९।०३।१० गतेको दिन गाउँ सभाको बैठक बोलाउने निर्णय गरियो ।

निर्णय नं. ६ :

निर्णय नं. ६ माथि छलफल गर्दा आ.व. ०७९।०८० को लागि प्रत्येक वडालाई रु. ५०,००,०००।- को बजेटको सिमा उपलब्ध गराउने र वडाहरुले प्राथमिकताको आधारमा सोही सिमा भित्र रही २०७९ साल जेठ मसान्त सम्ममा बजेट तर्जुमा समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ : विविध सम्बन्धमा छलफल गर्दा :-

क) स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ६(१) मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको शिक्षा सेवा, शिक्षा प्रशासन समूह, छैठौं तहको अधिकृत पदमा लोक सेवा आयोगबाट खुल्ला सिफारीस नियूक्ती हुनु भएकोले निजलाई सोही शिक्षा सेवा जनरल ए. समूहको सातौं तहको विद्यालय निरीक्षकको पदमा स्तरवृद्धि गरी गाउँपालिकाको शिक्षा शाखामा पदस्थापना गर्ने निर्णय गरियो ।

ख) प्रधानमन्त्री सोरोजगार आयोजनाबाट थप भएको रकम रु. २९,७५,०००। कार्यक्रम गत बजेट २०७९।०१।०७ गते कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी कार्यान्वयनमा गएको तपसिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क.सं.	आयोजनाको नामा	बजेट रु. हजारमा	वडा नं.
१	सेमथान झरना जाने पदमार्ग निर्माण	४००	१
२	लघुराम खोला सिंचाई कुलो मर्मत	३००	१
३	ठाडोखोला तारजाली मर्मत तथा निर्माण	३००	२
४	सोमबारे चौकिटार मरिणखोला सिंचाई कुलो मर्मत	३५०	३
५	राखल मरिण खोला गोरेटोबाटो मर्मत	२००	३
६	तल्कुडाँडा बाघमारा केराबारी बसेनी पाँचघरे गोरेटोबाटो मर्मत	३००	३
७	कमलामाई मन्दिर निर्माण कालीखोला तथा कालीखोला बोक्से सिंचाई कुलो मर्मत	६००	४
८	अहालडाँडा दक्षिणकाली भदौरे चौर गोरेटोबाटो मर्मत	३००	५
९	बेसीटोल माटोखानी सल्लेडाँडा डोटे मोटरबाटो सोलिङ	४००	५

ग) यस गाउँपालिका वडा नं. १ मा रहेको विभिन्न २० कि.मि. ग्रामिण सडकहरुको डि.पि.आर. श्री इम्पेरिकल इन्जिनियरिङ कन्सल्ट्रेन्सी प्रा.लि. अनामनगर काठमाण्डौले तयार गरेको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

शंकर मान घलान
उपाध्यक्ष

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत